ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५औं वर्ष
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३३१ ॥ शुक्रबार ८ जेठ २०८३ ॥ षष्ठी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Friday 22 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## लडेर मृत्यु



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ मा एक जनाको लडेर मृत्यु भएको छ। इन्द्रसरोवर गाउँपालिका-५ स्थित भित्री सडकखण्डमा स्थानीय सुशीला घिसिङको बुधबार सडकबाट तल खसेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

सोही वडाका वडा अध्यक्षले २३ वर्षीया घिसिङले बच्चालाई नजिकको मनकामना बाल विकास केन्द्र पुऱ्याएर घर फर्किने क्रममा लडेर सडकबाट तल खसेको जानकारी गराएपछि प्रहरी घटना स्थल पुगेको थियो। घटनास्थलको मुचुल्कापश्चात् शव परीक्षणका लागि टिचिङ अस्पताल काठमाडौं पठाइएको प्रहरीको भनाइ छ।


# बागमतीको आर्थिक वृद्धिदर राष्ट्रिय अनुमान भन्दा बढी

सन्देश संवाददाता

हेटौंडा/देशको समग्र कुल गार्हस्थ उत्पादनको अनुमानभन्दा दुई प्रदेशको आर्थिक वृद्धिदर बढी रहने देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को प्रदेशगत् कुल गार्हस्थ उत्पादनमा बागमती प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय अनुमान (३.८५ प्रतिशत्) भन्दा बढी हुने देखिएको छ।

बागमती प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान थोक तथा खुद्रा व्यापारको २१.७ प्रतिशत् र सबभन्दा न्यून पानी आपूर्ति तथा फोहोर व्यवस्थापनको ०.३ प्रतिशत् रहने अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबभन्दा धेरै विद्युत् तथा ग्यासको २२.८ प्रतिशत् र सबभन्दा थोरै सार्वजनिक प्रशासन तथा रक्षा ०.६१ प्रतिशत् हुने अनुमान छ।

स्थिर मूल्यमा मापन गरिएको उपभोक्ताको मूल्यको प्रादेशिक कुल गार्हस्थ उत्पादनको सबभन्दा उच्च वार्षिक वृद्धिदर बागमती प्रदेशको ५.४० प्रतिशत् रहने अनुमान छ। सबभन्दा न्यून वार्षिक वृद्धिदर मधेश प्रदेश १.३१ प्रतिशत् प्रारम्भिक अनुमान छ। स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको राष्ट्रिय कुल गार्हस्थ उत्पादन वार्षिक वृद्धिदर ३.८५ प्रतिशत् हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमतीको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा बढी र बाँकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदर भन्दा कम हुने प्रारम्भिक अनुमान छ। जसअनुसार सुदूरपश्चिम प्रदेशको ३.२८ प्रतिशत्, कोशी प्रदेशको ३.१३ प्रतिशत्, कर्णाली प्रदेशको २.९४ प्रतिशत् र लुम्बिनी प्रदेशको २.८७ प्रतिशत् आर्थिक वृद्धिदर छ।




आर्थिक वृद्धिका आधारमा कमजोर देखिएको मधेश प्रदेश राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यका आधारमा भने चौथो स्थानमा छ। यस आधारमा पनि बागमती प्रदेश पहिलो स्थानमा छ। चालु आवमा राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्य ६६ खर्ब हुने अनुमान गरिएकामा बागमती प्रदेशको २४ खर्ब २३ अर्ब (३६.७ प्रतिशत्), कोशी प्रदेशको १० खर्ब ४३ अर्ब (१५.८ प्रतिशत्), लुम्बिनी प्रदेशको नौं खर्ब ३७ अर्ब (१४.२ प्रतिशत्), मधेश प्रदेशको आठ खर्ब ६३ अर्ब (१३.१ प्रतिशत्), गण्डकी प्रदेशको पाँच खर्ब ९३ अर्ब (९.० प्रतिशत्), सुदूरपश्चिम प्रदेशको चार खर्ब ६४ अर्ब (७.० प्रतिशत्) र कर्णाली प्रदेशको दुई खर्ब ७७ अर्ब (४.२ प्रतिशत्) रहने प्रारम्भिक अनुमान छ।

आव २०८१/०८२ र आव २०८२/०८३ दुवैमा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन सबभन्दा धेरै बागमती प्रदेशको र सबभन्दा कम मधेश प्रदेशको हुने अनुमान छ। आव २०८२/०८३ मा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन अमेरिकी डलरमा बागमती प्रदेशको २ हजार ६ सय ४४, गण्डकी प्रदेशको १ हजार ६ सय ५१, कोशी प्रदेशको १ हजार ४ सय १०, लुम्बिनी प्रदेशको १ हजार २ सय ८, सुदूरपश्चिम प्रदेशको १ हजार १ सय ७०, कर्णाली प्रदेशको १ हजार १ सय ८ र मधेश प्रदेशको ९ सय ३४ हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आवमा राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन अमेरिकी डलरमा १ हजार ५ सय १३ हुने प्रारम्भिक अनुमान छ। यस हिसाबले बागमती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन पनि राष्ट्रिय औसतभन्दा कम रहेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ।

आव २०८२/०८३ मा कोशी प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको (३२.५ प्रतिशत्) रहने र सबभन्दा न्यून योगदान प्रशासनिक सहयोगी सेवा (०.३ प्रतिशत्) रहने अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार आव २०८२/०८३ मा कोशीमा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबभन्दा धेरै विद्युत् तथा ग्यासको (२३.७६ प्रतिशत्) र सबभन्दा थोरै पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापनको (०.३९ प्रतिशत्) हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आवमा मधेश प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको ३४.९७ प्रतिशत् र सबभन्दा न्यून खानी तथा उत्खनन् ०.१४ प्रतिशत् र हने अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार चालु आवका लागि कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबभन्दा धेरै विद्युत् तथा ग्यासको १०.९१ प्रतिशत् र सबभन्दा थोरै कृषिको १.२६ प्रतिशत् हुने प्रारम्भिक अनुमान छ।

गण्डकी प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको २५.७ प्रतिशत् र सबभन्दा न्यून प्रशासनिक तथा सहयोगी सेवा ०.३ प्रतिशत् र हने प्रारम्भिक अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबभन्दा धेरै विद्युत् तथा ग्यासको २३.९ प्रतिशत् र सबभन्दा थोरै सार्वजनिक प्रशासन तथा रक्षाको ०.६५ प्रतिशत् हुने अनुमान छ। लुम्बिनी प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्य २९.८ प्रतिशत् र सबभन्दा न्यून प्रशासनिक तथा सहयोगी सेवा ०.४५ प्रतिशत् रहने अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबभन्दा धेरै विद्युत् तथा ग्यासको ९.१८ प्रतिशत् र सबभन्दा थोरै ०.१९ प्रतिशत् सार्वजनिक प्रशासन तथा रक्षाको हुने अनुमान छ।

कर्णाली प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको ३१.५२ प्रतिशत् र सबभन्दा न्यून खानी तथा उत्खनन्को ०.१५ प्रतिशत् अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबभन्दा धेरै वित्तीय तथा बिमासेवाको ६.५४ प्रतिशत् र सबभन्दा थोरै ०.०५ प्रतिशत् सार्वजनिक सेवा तथा रक्षाको हुने अनुमान छ। सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ उत्पादनमा सबभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको ३३.४५ प्रतिशत् र सबभन्दा कम प्रशासनिक तथा सहयोगी सेवाको ०.१ प्रतिशत् रहने अनुमान छ। औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धिको वार्षिक वृद्धिदर सबभन्दा धेरै वित्तीय तथा बिमासेवाको ७.९८ प्रतिशत् र सबभन्दा कम ०.१८ प्रतिशत् सार्वजनिक सेवा तथा रक्षाको हुने अनुमान छ।

## प्रमुख प्रशासकीय नआउँदा कामकाज ठप्प

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत नआउँदा वडा कार्यालयदेखि नगर स्तरसम्मका अधिकांश कामकाज ठप्प भएका छन्।

उपमहानगर प्रमुख प्रशासकीय अधिकृत भरत गौतमको जेठ ४ गते अवकाश भएपछि सोही दिनदेखि प्रशासनिक काम प्रभावित बनेको नगर पालिकाका एक कर्मचारीले जानकारी दिएका छन्। अवकाश मिति जेठ ४ गते भए पनि गौतम करिब एक महिनाअघि नै बिदामा बसेका थिए। उनको अवकाशसँगै नयाँ प्रमुख प्रशासकीय अधिकृत नआएसम्म प्रशासनिक काम रोकिएको बताइएको छ।

उपमहानगरपालिका प्रशासन शाखा प्रमुख जगन्नाथ अर्यालका अनुसार बैशाख १४ गतेपछि गौतम व्यक्तिगत् कामले कार्यालयबाहिर रहेका थिए। 'जेठ ४ गते अवकाश हुने पत्र आइसकेपछि निमित्तको अधिकार पनि नरहेको अवस्था भयो,' उनले भने-नयाँ प्रमुख प्रशासकीय अधिकृत नआएसम्म अधिकांश काम रोकिएको छ। बजेट निर्माण प्रक्रियामा समेत असर परेको छ।

# बालबालिकाको निगरानी अभिभावकको जिम्मेवारी

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको कैलाश गाउँपालिकाले अभिभावकलाई लक्षित गरी अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सुरु गरेको छ। बिहीबार सुरु भएको कार्यक्रम शनिबार सकिने जनाइएको छ।

कैलाश-२ मा अवस्थित कमलादेवी माविमा वडा अध्यक्ष तथा सामाजिक विकास समिति संयोजक राजेन्द्र घिसिङको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम सुरु गरिएको हो।

कार्यक्रममा पालिका अध्यक्ष मुक्तानले पालिकाले अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई नीति तथा कार्यक्रममा राखेर यस वर्षदेखि कार्यक्रम सञ्चालन गरेको बताए।

'बालबालिकाको निगरानी गर्नु अभिभावकको जिम्मेवारी हो। शिक्षा नीतिअनुरुप अभिभावकलाई शिक्षा दिनु आवश्यक रहन्छ,' मुक्तानले भने।

बालबालिकाको सोच परिवर्तन गरी शिक्षा प्रदान गरिनुका साथै अभिभावकको सुझावअनुसार स्थानीय सरकारले आवश्यक



नीतिनिर्माण गर्ने उनले बताए।

सामाजिकसञ्जालले विद्यार्थीहरु मात्र नभइ अभिभावकमा पनि ठूलो असर पर्दै गएको अध्यक्ष मुक्तानले बताए। सञ्जालमा नकारात्मक विषयवस्तु बढी पाइने भएकाले पठनपाठनमासमेत असर पुगेको देखिन्छ। कैलाशमा शिक्षामा सुधार भइरहेको छ। सिक्ने र सिकाउने कार्य निरन्तर रहिरहने भएकाले विद्यालयमा मात्र नभइ आफ्ना बच्चाहरुलाई घरमा पनि अभिभावकहरुले पठनपाठनमा ध्यान दिनुपर्ने उनले बताए।

पालिका उपाध्यक्ष बालकुमार मल्लले विद्यार्थीलाई शिक्षित बनाउन अभिभावकको ठूलो भूमिका रहने बताए। प्रविधिसँग जोडिनु राम्रो हो। तर, हाल मोबाइल प्रयोगले पठनपाठनमा समस्या उत्पन्न भइरहेको उनले बताए। सामाजिकसञ्जालले विद्यार्थीको पढाइमा असर पुगेको छ। त्यसमा अभिभावकले ध्यान दिनु जरुरी रहेको उपाध्यक्ष मल्लले बताए। 'विद्यालयमा मात्र होइन बालबालिकालाई घरमा कसरी पठनपाठनमा सहयोग पुऱ्याउने हो, त्यसतर्फ ध्यान दिनुपर्छ,' उनले भने। बालबालिकाको पहिलो पाठशाला घर हो र शिक्षकमा अभिभावक हुन्। विद्यार्थीको पढाइको रुपरेखा कता जाने कुरा शिक्षकसँगै अभिभावकहरुको पनि ठूलो भूमिका रहने उनले बताए।

वडा अध्यक्ष घिसिङले बालबालिकाको पढाइमा शिक्षक र अभिभावक दुवैको दायित्व रहने बताए। अभिभावकले घरमा संस्कार सिकाउनुपऱ्यो र शिक्षकले विद्यालयमा शिक्षा दिनुपऱ्यो। यी दुवै भएपछिमात्र असल र सफल विद्यार्थी बन्ने उनले बताए। सामुदायिक विद्यालयमा पढाएर पनि विद्यार्थीको भविष्य राम्रो रहने बताउँदै पछिल्लो समय सामाजिकसञ्जाल प्रयोगले विद्यार्थी र अभिभावकको दुरी लम्बिएको बताएका उनले माध्यमिक शिक्षाको जग प्राथमिक शिक्षा भएकाले प्राथमिक शिक्षालाई प्राथमिकतामा राखेर पठनपाठन गरिनुपर्ने बताए।

मुख्य प्रशिक्षक अभिषेक घिमिरेले अभिभावक शिक्षा र सचेतनासम्बन्धि कार्यपत्र प्रस्तुत गरी शिक्षा प्रदान गरेका थिए। बिहीबार कमलादेवी मावि र वडा-६ मा रहेको व्यास माविको सभाहलमा कार्यक्रम सञ्चालन गरिएको शिक्षा शाखा प्रमुख समीर जोशीले बताए। कार्यक्रममा बालबालिकासम्बन्धि जनचेतनामूलक गतिविधि, अभिभावक शिक्षा, सामाजिक सचेतना तथा सरोकारवालाबीच अन्तर्क्रियाले बालबालिकाको शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्ने जोशीले बताए। विद्यार्थीको व्यवहार सुधार, सिकाइ क्षमता वृद्धि, घर-विद्यालय समन्वय सुदृढीकरण तथा समुदायमा सकारात्मक परिवर्तन ल्याउनु कार्यक्रमको मुख्य उद्धेश्य रहेको जोशीले बताए।

कार्यक्रममा शिक्षा शाखा प्रमुख जोशी, मुख्य प्रशिक्षक घिमिरे, विद्यालय व्यवस्थापन समिति अध्यक्ष चन्द्र सारुमगर, विद्यालयका प्रअ रामएकवाल यादब, स्रोतशिक्षक ध्रुवराज बिष्टलगायतको आतिथ्यता थियो। कार्यक्रममा २ नम्बर वडामा रहेका विभिन्न विद्यालयका अभिभावकको सहभागिता थियो।






हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष


**उखान:** शहर र गाउँमा दुई फरक छन् ।

॥ ॥ बेलाको बोली ॥ ॥

जंगलमा दुई बाटो छुट्टिए, मैले सबैभन्दा कम हिडिने बाटो रोजे र यसले नै मेरो सबैथोक बदलिदियो

*- रोबर्ट फ्रष्ट*

## सम्पादकीय

### असारे बिकासको मौसम सुरु

*आर्थिक वर्ष सकिन अब दुई महिना पनि छैन । सरकारले विकासका नाममा छुट्याएको बजेट भने आधा पनि खर्च गर्न सकेको छैन । विकास बजेट खर्चको कुरा गर्दा यो कुनै एक प्रदेशको समस्या मात्र होइन, संघदेखि अधिकांश प्रदेशसम्म फैलिएको बिगतदेखिको समस्या हो । हरेक वर्ष असार लागेपछि हतार–हतारमा गरिने विकास निर्माणका काम, बजेट फछ्र्यौटको विषय 'असारे विकास'का रूपमा आलोचित पनि छ तर योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयनको संरचनात्मक कमजोरी भने फेरिन सकेको छैन । यही समस्या नदोहोरियोस् भनेर गणतन्त्र स्थापनापछि सरकारले हरेक वर्ष जेठ १५ गते नै बजेट ल्याउने कामलाई संस्थागत गरेको भनियो तर विकास बजेट खर्चको यो असन्तुलन भने कम हुन सकेको छैन ।*

*नेपालमा विकास बजेट खर्चको प्रवृत्ति हेर्दा विगत एक दशकदेखि एउटै चक्र दोहोरिँदै आएको देखिन्छ । आर्थिक वर्षको शुरुका महिनामा बजेट खर्च न्यून रहने, दोस्रो चौमासिकसम्म पनि ठूला आयोजना अघि नबढ्ने र अन्तिम दुई महिनामा हतारहतार खर्च गर्ने प्रवृत्ति संस्थागत जस्तै बनेको छ । लेखा नियन्त्रक कार्यालयहरुले सरकारको बजेट खर्चको स्थिति हरेक महिनाजसो सार्वजनिक गर्ने गरेका छन् तर ती प्रतिवेदनले औंल्याएका तथ्यहरु योजना कार्यान्वयन निकायहरुलाई प्रभाव पार्न सकेको देखिँदैन । बरु कुनै–कुनै वर्षमा त कुल विकास बजेटको एक तिहाइभन्दा बढी रकम असार महिनामा मात्र खर्च भएका छन् ।*

*त्यसो त सरकारले अध्यादेशमार्फत् नीतिगत जटिलताहरु संबोधन गर्न खोजेको थियो तर अहिलेसम्म सरकारले ल्याएका सबै अध्यादेश पारित भएका छैनन् । केही अध्यादेश जारी भइसकेका छन्, तर ती संघीय संसद्बाट प्रतिस्थापन विधेयकमार्फत् अनुमोदन/पारित हुने प्रक्रिया अझै बाँकी छ । विपक्षी दलहरुले राष्ट्रियसभामा केही अध्यादेश रोक्ने तयारी गरेको चर्चा पनि हुने गरेको छ । नेपाल अहिले आर्थिक चुनौती, युवा पलायन र विकासका विषयमा निराश नै देखिन्छन् । आमनागरिकमा आशा भर्ने, युवा आकांक्षा संबोधन गर्दै भरोसा जगाउनु सरकारको दायित्व पनि हो । त्यसैले असारको हतार होइन, वर्षभरि निरन्तर काम गर्ने परिपाटीको विकास गर्नैपर्छ ।*

### मकवानपुरमा आज

१: हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको १३ औं वार्षिकोत्सव समारोह समय: बिहान ७:०० बजे बोर्डको कार्यालय, हेटौंडा-२ हरिकुञ्ज रोडमा ।

# सामाजिक सञ्जाल र गोयब्बल्स सिद्धान्त



✍राजुराम राउत



राजनीतिक इतिहासमा प्रचारको प्रभाव कति गहिरो हुन सक्छ भन्ने उदाहरणहरू धेरै छन् । तर, प्रचारलाई योजनाबद्धरूपमा प्रयोग गर्ने व्यक्तिमध्ये एक थिए जोसेफ गोयब्बल्स । उनी एडल्फ हिटलरको शासनकालमा प्रचारमन्त्री थिए । गोयब्बल्सले जनमानसलाई प्रभावित पार्न सूचनालाई कसरी मोड्ने, दोहोऱ्याउने र भावनात्मक बनाउने भन्ने रणनीति विकास गरेका थिए । आजका दिनमा सामाजिक सञ्जालको शक्तिशाली माध्यमले गर्दा उनका धेरै सिद्धान्तहरू अझ तीव्ररूपमा प्रयोग भइरहेको देखिन्छन् । नेपालको हालै सम्पन्न निर्वाचनहरूमा पनि सामाजिक सञ्जालको प्रयोगले यस्तै प्रचार रणनीतिहरूको झल्को दिएको अनुभव गरेका छन् ।

**१."ठूलो झुट" को सिद्धान्त :**

गोयब्बल्ससँग जोडिने सबैभन्दा चर्चित विचार हो, "यदि कुनै झुटलाई बारम्बार दोहोर्‍याइ रह्यो भने अन्ततः मानिसहरूले त्यसलाई सत्य मान्न थाल्छन् ।" उनको बुझाइमा सामान्य झुट भन्दा ठूलो र साहसी झुट धेरै प्रभावकारी हुन्छ । किनकि, मानिसहरूलाई त्यस्तो ठूलो कुरा झुट हुनै सक्दैन भन्ने मनोविज्ञानले काम गर्छ ।

नेपालको चुनावी सन्दर्भमा पनि सामाजिक सञ्जालमा यस्तै प्रवृत्ति देखियो । कुनै पार्टी वा उम्मेदवारको विरुद्धमा ठोस प्रमाणबिना भ्रष्टाचार, विदेशी एजेन्ट वा देशविरोधी भएको आरोप बारम्बार पोष्ट, भिडियो र स्टाटसमा दोहोऱ्याइयो । सुरुमा शंका लाग्ने यस्तो आरोपपछि धेरै मानिसले "केही न केही त होला" भन्ने निष्कर्षमा पुग्ने अवस्था देखियो ।

**२. निरन्तर दोहोऱ्याइने रणनीति :**

गोयब्बल्सको अर्को प्रमुख तरिका थियो एउटै सन्देशलाई निरन्तर दोहोऱ्याउनु । समाचार पत्र, पोष्टर, रेडियो र सार्वजनिक भाषण-जहाँ अवसर मिल्यो त्यहीँ एउटै कथन दोहोऱ्याइन्थ्यो । यस्तो दोहोऱ्याइले मानिसको दिमागमा त्यो सन्देश स्थायीरूपमा बस्ने गर्छ । र, १०० झुठ बराबर १० सत्य मान्ने मस्तिष्क तयार हुन्छ ।

आजको सामाजिक सञ्जालमा यो प्रक्रिया अझ सजिलो छ । एउटै सामग्री हजारौँ खाताबाट शेयर हुन्छ । एउटै वाक्य अनेक पोष्टमा दोहोरिन्छ । र भिडियो क्लिपहरू लगातार फैलाइन्छन् । निर्वाचनको समयमा केही नाराहरू, आरोपहरू वा दावीहरू यसरी बारम्बार पोष्ट भएका थिए कि धेरै मतदाताले त्यसलाई सत्य जस्तो अनुभव गर्न थाले ।

**३. भावनात्मक उक्साहट :**

गोयब्बल्सले तर्कभन्दा भावनालाई बढी महत्व दिन्थे । राष्ट्रवाद, डर, घृणा वा गर्व जस्ता भावनालाई उक्साएर जनतालाई प्रभावित गर्न सकिन्छ भन्ने उनको विश्वास थियो ।

नेपालमा पनि चुनावी प्रचारमा सामाजिक सञ्जालमार्फत् यस्तै भावनात्मक सामग्री फैलिएको देखियो । केही पोष्टहरूले "देश बचाउन अब यो दल नै चाहिन्छ" भन्ने डरको वातावरण सिर्जना गरे भने केहीले "हाम्रो पहिचान खतरा भयो" जस्ता सन्देश दिए । यस्तो भावनात्मक अपिलले तथ्यभन्दा भावना बलियो बनाउँछ, जसले मतदाताको निर्णयमा असर पार्न सक्छ ।

**४. सरल सन्देश र एउटै शत्रु :**

गोयब्बल्सको प्रचारमा जटिल राजनीतिक विषयलाई अत्यन्त सरल सन्देशमा बदलिन्थ्यो । र त्यसमा एउटा दोषी वा शत्रुको चित्र बनाइन्थ्यो । यस्तो गर्दा जनतालाई समस्या बुझ्न सजिलो हुन्छ । उनीहरूलाई कुनै पक्षको समर्थन गर्न प्रेरित गर्छ ।

नेपालको चुनावी सामाजिक सञ्जाल बहसमा पनि कतिपय पोष्टहरूले जटिल आर्थिक वा राजनीतिक समस्यालाई अत्यन्त सरल बनाइदिए । सबै समस्या एउटै दल वा नेताका कारण भएको भनेर चित्रण गरियो । यसले वास्तविक समस्याको बहुआयामिकता ओझेलमा पार्दै मतदातालाई दुई ध्रुवमा विभाजन गर्ने प्रवृत्ति देखियो ।

**५. सञ्चार माध्यमको पूर्ण प्रयोग :**

गोयब्बल्सले उपलब्ध सबै सञ्चार माध्यम प्रयोग गरे, रेडियो, फिल्म, पोष्टर र सभा । उनको लक्ष्य थियो एउटै सन्देश समाजका सबै तहमा पुग्ने बनाउनु । आजको युगमा सामाजिक सञ्जाल यही काम गर्ने शक्तिशाली माध्यम बनेको छ । फेसबुक, टिकटक, युट्युब र ट्विटर जस्ता प्लेटफर्महरूले कुनै सन्देशलाई केही घण्टामै हजारौँ मानिससम्म पुऱ्याउन सक्छन् । नेपालको चुनावमा पनि उम्मेदवारहरूका समर्थक समूहले यस्ता माध्यमलाई संगठित रूपमा प्रयोग गरेको देखियो । लाइभ भिडियो, छोटा क्लिप, मीम र स्टाटसहरू लगातार प्रसारित भए ।

यसरी इतिहासमा विकसित भएका प्रचार सिद्धान्तहरू समयसँगै माध्यम मात्र परिवर्तन भएर पुनः देखा पर्छन् । गोयब्बल्सले प्रयोग गरेका झुटको पुनरावृत्ति, भावनात्मक अपिल, सरल सन्देश र सञ्चार माध्यमको व्यापक प्रयोग जस्ता रणनीतिहरू आज सामाजिक सञ्जालमा अझ तीव्ररूपमा देखिन्छन् ।

नेपालको हालैको चुनावी वातावरणले पनि एउटा कुरा स्पष्ट पारेको छ । सूचनाको तीव्र प्रवाह भएको समाजमा नागरिकको विवेक झन् महत्वपूर्ण हुन्छ । सामाजिक सञ्जालले लोकतन्त्रलाई सशक्त बनाउन सक्छ । तर, त्यही माध्यम गलत सूचना र प्रचारको साधन पनि बन्न सक्छ । त्यसैले नागरिकले सुनेको वा पढेको हरेक कुरा तुरुन्तै सत्य मान्नु भन्दा पहिले तथ्य जाँच गर्ने संस्कार विकास गर्नु अत्यन्त आवश्यक छ ।

लोकतन्त्रमा मतदाताको निर्णय जानकारीपूर्ण हुनुपर्छ । यदि प्रचार र झुटको पुनरावृत्तिले जनमतलाई प्रभावित गर्न थाल्यो भने लोकतान्त्रिक प्रक्रियाको गुणस्तर कमजोर हुन सक्छ । त्यसैले आजको चुनौती केवल राजनीतिक प्रतिस्पर्धा मात्र होइन । सत्य र झुट छुट्याउने नागरिक चेतना निर्माण गर्नु पनि हो ।

आजको विश्वमा सूचना नै शक्ति बनेको छ । जसले सूचनालाई नियन्त्रण गर्न सक्छ, उसले जनमतलाई पनि प्रभावित गर्न सक्छ । यही कारणले अहिले राजनीतिक दलहरू, विभिन्न स्वार्थ समूहहरू र कहिलेकाहीँ विदेशी प्रभावसमेत सामाजिक सञ्जालमार्फत् जनताको सोच र भावनामा असर पार्ने प्रयास गरिरहेका हुन्छन् । भावनात्मक नाराबाजी, आधा-सत्य, सम्पादित भिडियो, भ्रामक शीर्षक र ट्रोल संस्कृतिले समाजमा विभाजन बढाउने खतरा पनि सिर्जना गरेको छ । यस्तो अवस्थामा नागरिक केवल मतदाता भएर मात्र पुग्दैन । ऊ सचेत विश्लेषक पनि बन्न आवश्यक हुन्छ ।

विशेष गरी युवापुस्ताले डिजिटल साक्षरता र तथ्य परीक्षणको अभ्यास गर्न जरुरी छ । कुनै पनि समाचारको स्रोत के हो ? त्यसलाई कसले फैलाइरहेको छ ? त्यसको उद्देश्य के हुन सक्छ ? भन्ने प्रश्न गर्ने बानीले समाजलाई धेरै भ्रमबाट बचाउन सक्छ । विद्यालयदेखि विश्वविद्यालयसम्म आलोचनात्मक सोचको विकास गर्ने शिक्षा आवश्यक देखिन्छ । सञ्चारमाध्यमले पनि सनसनी भन्दा जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्छ ।

वास्तबमा लोकतन्त्रको वास्तविक बल केवल संविधान, निर्वाचन वा सरकारमा मात्र हुँदैन होईन । त्यो त नागरिकको चेतना, नैतिकता र विवेकमा आधारित रहेको हुन्छ । सचेत नागरिक भएको समाजमा झुट धेरै समय टिक्न सक्दैन । त्यस्तो समाजले मात्रै स्वस्थ लोकतान्त्रिक भविष्य निर्माण गर्न सक्छ ।

# समृद्धि कानुनभित्र जन्मिन्छ

✍रविन कंडेल



राष्ट्रको समृद्धिका लागि निजी क्षेत्र आवश्यक छ भन्ने सत्यमा कुनै विवाद छैन । उद्योगी, उद्यमी, बैंकर, लगानीकर्ता र नवप्रवर्तनकर्ताबिना आधुनिक अर्थतन्त्र बलियो बन्न सक्दैन । तर, यत्तिकै सत्य अर्को पनि छ– निजी क्षेत्रप्रतिको सम्मानको अर्थ कानुनको निलम्बन होइन । उद्यमशीलताको कदर गर्नु र आर्थिक अपराधलाई संरक्षण दिनु एउटै कुरा होइन । बरु जहाँ यी दुईलाई जानीजानी मिसाइन्छ, त्यहीँबाट राज्य, बजार र नागरिकबीचको विश्वास भत्किन थाल्छ ।

आज हाम्रो सार्वजनिक बहसमा एउटा खतरनाक प्रवृत्ति देखिन्छ । आर्थिक अपराध, बजार हेरफेर, भित्री साँठगाँठ, कृत्रिम मूल्यवृद्धि, नियामक कब्जा र संस्थागत दुरुपयोगजस्ता विषयमा प्रश्न उठ्नेबित्तिकै केही प्रभावशाली स्वरहरू तुरुन्तै 'व्यवसायीमाथिको हमला', 'लगानीमैत्री वातावरणमाथिको प्रहार' र 'समृद्धिविरोधी मानशिकता' को जप गर्न थाल्छन् । यस्तो भाष्यको मूल उद्देश्य के हो ? इमानदार व्यवसायीको सुरक्षा ? कि दोषको घेरामा परेकाहरूलाई नैतिक आवरण उपलब्ध गराउनु ?

प्रस्टरूपमा भन्नुपर्दा, व्यवसायी राष्ट्रका साझेदार हुन्; तर कानुनभन्दा माथिका पात्र होइनन् । यदि कसैले बजारलाई व्यवस्थित प्रतिस्पर्धाको क्षेत्र नभई पहुँच, मिलेमतो, सूचना-असमानता र संस्थागत प्रभावको खेलमैदान बनाउँछ भने त्यसलाई उद्यमशीलता भन्न सकिँदैन । त्यो आर्थिक अनियमितता हो र परिस्थितिअनुसार आर्थिक अपराध पनि हो । त्यस्तो अवस्थामा अनुसन्धान, अभियोजन र कारबाहीलाई 'व्यवसाय विरोधी' भनिनु स्वयंमा बौद्धिक बेइमानी हो ।

विश्वका स्थापित अर्थतन्त्रहरूको अभ्यास हेर्दा यो कुरा अझ स्पष्ट हुन्छ । जर्मनीको साइमेन्स प्रकरणमा घूसकाण्ड उजागर भएपछि कम्पनीले १.६ अर्ब डलरभन्दा बढी जरिवाना, नाफा फिर्ता गरेको थियो । ब्राजिलको ओडब्रेच्ट प्रकरणमा बहुदेशीय घूस सञ्जाल खुलेपछि २.६ अर्ब डलर जरिवाना तिराइयो, शीर्ष नेतृत्व जेल पऱ्यो र विभिन्न देशमा अनुसन्धान तथा अभियोजनको श्रृंखला चल्यो । यी कारबाहीले जर्मनी, अमेरिका वा ब्राजिल व्यवसायविरोधी भएनन्; उल्टो तिनले एक आधारभूत सन्देश दिए– निजी क्षेत्रको सम्मान हुन्छ, तर सार्वजनिक विश्वासमाथिको डकैतीको होइन ।

भारतका उदाहरणहरू अझ शिक्षाप्रद छन् । किङफिसर एअरलाइन्सका मालिक विजय माल्यामाथि करिब ९ हजार करोड भारतीय रुपैयाँबराबरको धोखाधडी, ऋण नतिरेको, धनशोधनसम्बन्धि आरोप अघि बढाइयो; उनलाई 'फ्युजिटिभ इकोनोमिक अफेन्डर' घोषणा गरियो । यहाँ प्रश्न व्यवसायीको प्रतिष्ठाको थिएन; बैंकिङ प्रणाली, सार्वजनिक विश्वास र उत्तरदायित्वको थियो । निरव मोदी प्रकरण पनि यस्तै छ । पञ्जाब नेसनल बैंकसम्बन्धी ठगी, कृत्रिम संरचना, जाली प्रक्रियाद्वारा क्रेडिट सुविधा उपयोग, प्रमाण हराउने र साक्षी प्रभावित पार्न खोजेको आरोपसहित भारत सरकारले उनको प्रत्यर्पण माग गऱ्यो । बेलायती अदालतले प्रारम्भिक दृष्टिमा अभियोग अघि बढ्न पर्याप्त आधार रहेको ठहर गऱ्यो । आरोपको रकम ६.५ करोड भारतीय रुपैयाँसम्म पुगेको थियो । के भारतले त्यसबेला 'हीरा व्यवसायीलाई अपराधी नबनाऔँ' भनेर राज्यलाई निष्क्रिय बनायो ? बनाएन । कारण, चम्किलो ब्रान्ड र सार्वजनिक उत्तरदायित्व एउटै कुरा होइनन् ।

अमेरिकाको एनरोन काण्डमा सेकले एनरोनका पूर्वअध्यक्ष तथा प्रमुख कार्यकारी केन्नेथले, पूर्वप्रमुख जेफ्रे स्किलिङ, पूर्वप्रमुख वित्तीय अधिकृत एन्ड्र्यु फास्टो, पूर्वप्रमुख लेखाअधिकृत रिचार्ड कौसे लगायत अनेक अधिकारीमाथि जालसाजी, भित्री कारोबार र संघीय धितोपत्र कानुन उल्लंघन सम्बन्धि मुद्दा अघि बढायो । एनरोनका लेखापरीक्षकसमेत दस्तावेज नष्ट गर्ने प्रकरणमा अभियोजनको दायरामा आयो । यद्यपि, अमेरिकी सर्वोच्च अदालतले पछि सजाय उल्ट्यायो, तर कम्पनीको विश्वसनीयता ध्वस्त भयो र नकारात्मक छविले त्यसलाई व्यवहारतः समाप्त गरिदियो । यसको अर्थ के हो ? बजार अर्थतन्त्रमा लेखापरीक्षक, सल्लाहकार, बैंकर वा बोर्ड सदस्य–कसैलाई पनि श्वेतवस्त्रको अभेद्य कवच प्राप्त हुँदैन ।

भारतकै पुँजीबजारमा हर्षद मेहताविरुद्ध नियामकले स्थायीरूपमा धितोपत्र कारोबारमा रोक लगायो, अभियोजनको आदेश दियो र मूल्य हेरफेरसँग सम्बन्धित अन्य कम्पनी र ब्रोकरमाथि पनि बजार पहुँचमा प्रतिबन्ध तथा कारबाही गऱ्यो । अनिल अम्बानीमाथि पनि बजार नियामक सेबीले पाँच वर्ष धितोपत्र बजारमा रोक लगाउँदै २५ करोड भारतीय रुपैयाँ जरिवाना गऱ्यो; २४ अन्य पक्षसमेत जोडिँदा कुल जरिवाना ६ सय २५ करोड रुपैयाँभन्दा माथि पुग्यो । आरोपको केन्द्रबिन्दु कम्पनीभित्रको रकम मोड्ने र शंकास्पद ऋण मार्फत् संस्थागत हितमा क्षति पुऱ्याउने योजना थियो ।

यी उदाहरणहरू किन महत्वपूर्ण छन् ? किनभने तिनले एउटा सार्वभौमिक सिद्धान्त पुष्टि गर्छन समृद्ध अर्थतन्त्रले निजी क्षेत्रलाई संरक्षण दिन्छ, तर आर्थिक बेथितिलाई होइन । जहाँ कानुनको शासन बलियो हुन्छ, त्यहाँ लगानीकर्ता सुरक्षित हुन्छन जहाँ ठूला नामका अगाडि संस्था झुक्छ, त्यहाँ बजार क्रमशः अविश्वसनीय बन्छ ।

अब नेपालतर्फ फर्कौं । पछिल्ला प्रतिवेदनहरूमा नेपालको पुँजीबजारबारे उठेका प्रश्न सामान्य छैनन् । धितोपत्र बजारमा कृत्रिम माग सिर्जना गरिएको, शून्य अग्रिम भुक्तानीमा अर्बौंको कारोबार गरिएको, ब्रोकर र प्रभावशाली व्यावसायिक समूहबीच मिलेमतो भएको, एउटै जालोभित्रका संस्था प्रयोग गरेर घुम्ती कारोबार गरिएको र यस प्रक्रियाले मूल्य निर्धारणलाई विकृत बनाएको गम्भीर दाबी गरिएको छ । केही प्रतिवेदनमा ३.८० अर्ब रुपैयाँबराबरको कर्जा-आधारित कारोबार र २.८९ अर्ब रुपैयाँभन्दा बढी बक्यौताको उल्लेख छ । यस्ता तथ्यहरू सतही टिप्पणीका विषय होइनन्; यी त बजारको संरचनात्मक विश्वसनीयतामाथिका प्रश्न हुन् ।

यहीँ मुख्य बौद्धिक परीक्षण सुरु हुन्छ । यदि यस्ता आरोपको निष्पक्ष अनुसन्धान हुन्छ भने के त्यो निजी क्षेत्रमाथिको अन्याय हो ? कि बजारलाई वास्तवमै बजार बनाउने न्यूनतम सर्त ? यदि भुक्तानीबिना सेयर सारिएको छ, यदि नियामक मापदण्ड तोडिएको छ, यदि सार्वजनिक कम्पनी वा वित्तीय संस्थाको स्रोत कुनै सीमित गिरोहको खेलमा प्रयोग भएको छ, यदि धितोपत्र ऐनले निषेध गरेका झूटा वा कृत्रिम कारोबारका संकेत भेटिएका छन् भने अनुसन्धान किन नहोस् ?

यस्ता कारबाही हुँदा केही मानिस किन यति व्याकुल हुन्छन् ? सायद, कारबाहीले 'व्यवसाय' होइन, 'व्यवसायको नाममा चलाइएको विशेषाधिकार' छोएको हुन्छ । किनभने पारदर्शी बजारमा पहुँच, फोन, प्रभाव, नियामकसँगको निकटता र कृत्रिम मूल्य-निर्माणको लाभ घट्छ । सायद कानुन बराबरीपूर्वक लागू हुन थालेपछि बजारको माथिल्लो तहमा बसेर 'जोखिम निजीकरण र नाफा सामूहिकीकरण' गर्ने पुरानो संस्कार असहज बन्छ ।

यो पनि स्मरणीय छ कि इमानदार व्यवसायीलाई सबैभन्दा बढी नोक्सान अनियमितताले नै पुऱ्याउँछ । जब बेइमानीबाट कमाइ सम्भव हुन्छ, तब नीतिअनुरूप चल्ने उद्योगी, अनुशासित सूचीकृत कम्पनी, पेसेवर बैंकर र सच्चा लगानीकर्ता सबै कमजोर बन्छन् । विकृत बजारमा चलाखहरू लाभान्वित हुन्छन्, उत्पादक होइनन् । त्यसैले आर्थिक अपराधविरुद्धको कडाइ निजी क्षेत्रविरोधी होइन; त्यो त इमानदार निजी क्षेत्रको पक्षमा उठाइएको अनिवार्य कदम हो ।

अतः बहसको केन्द्र गलत ठाउँमा राख्नु हुँदैन । प्रश्न 'व्यवसायीलाई सम्मान गर्ने कि नगर्ने' होइन कि प्रश्न 'इमानदार उद्यम र आर्थिक अपराधबीच राज्यले रेखा कोर्ने कि नकोर्ने' हो । प्रश्न 'समृद्धि चाहने कि दण्डहीनता' हो । प्रश्न 'कानुनको शासन कायम गर्ने कि प्रभावशाली नामको भयले संस्थालाई निष्क्रिय बनाइराख्ने' हो । नेपाललाई निजी क्षेत्रसँग युद्ध होइन, सहकार्य चाहिन्छ । तर, त्यो सहकार्य पारदर्शिता, संस्थागत उत्तरदायित्व, निष्पक्ष नियमन र विधिको शासनमाथि आधारित हुनुपर्छ । जो उद्यम गर्छ, रोजगारी सिर्जना गर्छ, कर तिर्छ, प्रतिस्पर्धामा टिक्छ र संस्थागत अनुशासन मान्छ, उनीहरू सम्मानका अधिकारी हुन् । तर जो बजारलाई जालो बनाउँछ, ।

नेपाललाई निजी क्षेत्रसँग युद्ध होइन, सहकार्य चाहिन्छ । तर, त्यो सहकार्य पारदर्शिता, संस्थागत उत्तरदायित्व, निष्पक्ष नियमन र विधिको शासनमाथि आधारित हुनुपर्छ । जो उद्यम गर्छ, रोजगारी सिर्जना गर्छ, कर तिर्छ, प्रतिस्पर्धामा टिक्छ र संस्थागत अनुशासन मान्छ, उनीहरू सम्मानका अधिकारी हुन् । तर जो बजारलाई जालो बनाउँछ, संस्थालाई काबुमा पार्छ, नागरिकको कडा परिश्रमको पैसा खेलौना ठान्छ र प्रश्न उठेपछि 'समृद्धि' को नारा लगाएर दोषलाई पखाल्न खोज्छ, उनीहरू संरक्षणका होइन, अनुसन्धान र कारबाहीका पात्र हुन् ।

*साभार कारोबार दैनिक*

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला । व्यावसायिक काममा खर्च बढ्नेछ । अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ । | **बृष** | आजका योजना पूर्ण कार्यान्वयन नहुन सक्छन् । सोचेको काम समयमा सम्पादन गर्न नसकिने र अवसर फुत्कने सम्भावना देखिन्छ । |
| **मिथुन** | तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला, कामको चाप बढ्नेछ । | **कर्कट** | सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । जमघट बढ्नाले आनन्दित भइनेछ । |
| **सिंह** | स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परिवारजनसँग आत्मीयता बढ्नेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिने योग देखिएको छ । | **कन्या** | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| **तुला** | बिगतका निर्णयले काम बिग्रन सक्छ । बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ । घर-गृहस्थीमा समस्या आउन सक्नेछ, बाधा पुग्न सक्छ । | **बृश्चिक** | पुरुषार्थी काम प्रारम्भ हुनेछ । दिगो काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । भेटघाटले उत्साह जगाउनेछ । |
| **धनु** | सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । | **मकर** | कामको लागत बढ्नेछ । तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ । स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसरहरु प्राप्त हुनेछन् । |
| **कुम्भ** | प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । आम्दानी बढ्नेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । व्यवसायमा राम्रो फाइदा उठाउन सकिनेछ । | **मिन** | रमाइलो यात्रा गर्ने साइत जुर्न सक्नेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ भने धनलाभ हुनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# भेडा र नवराज




✍ऋषिराम पोखरेल
'बकिमहे'

चोकको पसलमा एउटा कुर्सि तानेर म चिया पर्खिंदै बसेको थिँए ।

साहुजीको व्यस्तताले गर्दा चिया तयार हुन केही समय लाग्ला जस्तो भयो । त्यसैले चिया आउने बेलासम्म हेर्नु पऱ्यो भनेर मैले आफ्नो मोवाइल खोलेको मात्रै थिएं । एउटा अलापले मेरो ध्यान अन्तै तान्यो । मोवाइलबाट टाउको उठाएर माथि हेर्दा मैले एउटा स्थानीय मद्यपासीलाई मेरो अगाडि हात फैलाइरहेको देखेँ । मागेर मदिराको तलतल मेट्न अध्यस्त चौविस घण्टेलाई देखेर मैले आफ्नो खल्तीवाट पाँचको एउटा नोट झिक्दै सोधे, "बिहानको गिलासले छोडिसक्यो ?"

मेरो प्रश्न सुनेर याचक हाँस्न खोज्दै थियो । तर, अचानक त्यहाँ एउटी नौली नानी प्रकट भइन । एक पाकिट विस्कुट हातमा राखिदिदैं नानीले उसलाई एउटा तातो बर्को ओडाई दिइन । तातो किनभने त्यो अरुका शष्पभित्र जुम्रिन लुकिबसेका लिखालाई पनि टाढैबाट देख्नेहरुले नानीको टाउको माथि हिँडिरहेका भैसीलाई बर्कोले छोपिदिए । मुखको वाउको केही जाने होइन । सबैले नानीलाई भटाभट भगवान भन्न थाले । दानकी देवी, समाजसेवी, त्यागकी प्रतिमुर्ति, करुणामयी, आँटी सहासी जस्ता विशेषण शब्दकोषमा एउटा पनि बाँकी रहेनन् । सबै तिनै नानीको लागि प्रयोग भए ।

स्वस्थानीको चमत्कारीक



चैत्रको महिना थियो । बिहान सितल नै भए पनि दिउँसो चर्कै घाम लाग्थ्यो ।

भिखारीलाई जिन्सीमा विश्वास थिएन । उसलाई नगद नै चाहिएको थियो । विस्कुट कपाकप खाइसकेपछि उसले नजिकै सुतिरहेको कुकुरलाई बर्को ओडाइदिन खोजेको थियो । तर, त्यसभन्दा अघि नै एउटा परिस्थिति जन्मियो । हुन त दान जस्तो कुरा दाहिने हातले दिँदा देब्रे हातले पनि थाहा पाउनु हुन्न भनिन्छ । तर, झण्डै आधा सय जति मानिस कता हो कतावाट त्यहाँ अचानक आएर मोवाइल तेर्स्याउदै विभिन्न कुनाबाट फोटो खिच्न थाले । तुरुन्तै कोही अँगालो हाल्न, कोही चुम्वन गर्न, कोही खुट्टा समाउन, कोही माला लिएर कोही खादा लिएर कोही आमा भन्दै कोही अन्टी भन्दै नानीलाई भेट्न त्यहाँ आए । एउटा ठुलै मेला लाग्यो ।

त्यो तामझाम देख्दा लाग्थ्यो ती नानीको जन्म नै मानिसहरुलाई दु:ख, दर्द, अभाव र सवै खाले समस्याबाट मुक्त गर्न भएको हो ।

त्यसै दिन बेलुका विस्कुटको एउटा पाकिटसहित बर्को दानकी महादाता नानीको फोटो क्याप्सन सहित टिकटकियो । मोवाइल हातमा नहुने मानिसहरु अहिले मुश्किलले भेटिन्छन् । त्यसैले त्यहाँ पत्रकार नभए पनि नानीको दान महात्म्य सवैको हातमा, आँखामा पुग्यो ।

कथामा हराएका आफ्ना बाउ खोज्दै नगरको गल्लि गल्लिमा भौतारिरहेको नवराजलाई एउटा हात्तीले माला पहिराइदिएर सिहासनमा पुऱ्याउँछ । तर, आधुनिक नवराजलाई हात्ती चाहिदैन । उसलाई हात्तीभन्दा धेरै सानो भेडा भए पुग्छ । त्यही भेडाले उसलाई चाहिएको चमत्कार देखाउछ । यसैपालि पनि पुराना दम्मी राजा रजौटालाई मात्रै होइन वल्ल वल्ल वदलिन खोजेका विलासविरहरुलाई पनि बढारेर भेडाले एउटा चमत्कार देखाइदियो ।

भेडाले खसी बाख्री छुट्याउन सक्दैन । एउटै धोक्रीमा हाल्छ । त्यसैले भेडाको गतिमतिलाई भेडियाधसान भनिन्छ । स्वस्थानीको हात्तीले जस्तै भेडाहरु हातमा माला लिएर चिन्नु न जान्नुका नवराज खोजिरहेका हुन्छन् । एउटा भेडो माला लिएर अघि बढ्यो कि सवै भेडा त्यसका पछि लाग्छन् । भेडा पाल्नु पर्दैन । बनाउनु पर्छ ।

आफ्नो लागि के राम्रा के नराम्रा के ठिक के वेठिक छुट्याउन सक्ने चेत गुमेपछि सवै भेडा बन्छन् । भेडाले कसैलाई पनि तुरुन्तै देवता वनाइ दिन्छ भने कसैलाई तुरुन्तै राक्षेस । गणतन्त्रमा सिंहासनको के कुरा गर्नु ? तर भेडाले सिंहदरवारको ढोका जो कोहीलाई पनि खोलिदिन्छ ।

साभार: सबै समाचार


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०२/०७

**यस कम्पनीको मिति २०८३/०१/१८ मा सम्पन्न विशेष बैठक/साधारणसभाको निर्णय अनुसार साविकको क्यालिबर एकेडमिक एण्ड करिअर एसोसिएट्स हेटौंडा प्रा.लि. (प्रा.लि.नं. ३२८४०८) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/०४ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी तोकुतेइगिनोउ मिराइ ट्रेनिङ सेन्टर प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।**


# सभामुखको आग्रह प्रधानमन्त्रीद्वारा इन्कार





काठमाडौं/सभामुख डीपी अर्यालले प्रतिनिधिसभा नियमावली बमोजिम प्रश्नोत्तरका लागि प्रतिनिधिसभा बैठकमा उपस्थित हुन गरेको आग्रह प्रधानमन्त्री बालेन शाहले इन्कार गरिदिएका छन् । प्रतिनिधिसभा नियमावलीमा प्रत्येक महिनाको पहिलो साता कुनै एक दिन एक घण्टा प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम रहने व्यवस्था छ ।

नियमावलीअनुसार प्रधानमन्त्री संसद्मा आउने समय सभामुखले निर्धारण गर्नेछन् । पहिलो साता प्रधानमन्त्रीले समय दिन नसके अन्य कुनै समय सभामुखले निर्धारण गर्नुपर्ने व्यवस्था नियमावलीमा छ । नियमावलीको व्यवस्था कार्यान्वयन गर्न विपक्षी दलहरुले दबाब दिँदै बैठक अवरुद्ध गरेका थिए ।

विपक्षीको दबाबपछि संसद् बैठक १५ मिनेट स्थगित गरेर प्रश्नोत्तरको समय निर्धारण गर्ने विषयमा छलफल गर्न सभामुख अर्याल प्रधानमन्त्री कार्यालय पुगेका थिए ।

भेटमा सभामुख अर्यालले प्रतिनिधिसभा नियमावलीमा भएको बाध्यात्मक व्यवस्था देखाउँदै प्रधानमन्त्री शाहलाई संसद्मा प्रश्नोत्तरका लागि समय निर्धारण गर्न आग्रह गरेका थिए । प्रधानमन्त्री शाहलाई सभामुख अर्यालले अर्को साताको कुनै दिन बैठकमा उपस्थित भएर सांसद्का प्रश्नको जवाफ दिन आग्रह गरेका थिए ।

तर, शाहले प्रश्नोत्तरका लागि आगामी साताको समय दिन इन्कार गरिदिएको एक सांसद्ले जानकारी दिए । प्रधानमन्त्रीसँगको छलफलबार सभामुख अर्यालले कार्यव्यवस्था परामर्श समितिमा भएका सांसद्हरुलाई जानकारी दिएका थिए । यस्तो समितिमा दलका प्रमुख सचेतक र सचेतकहरु रहन्छन् । कानुनमन्त्री पदेन सदस्य हुन्छन् ।

'सभामुखले प्रधानमन्त्रीसँगको कुराकानीबारे बताउनुभयो,' एक सांसद्ले भने-प्रधानमन्त्रीले अर्को कुनै उपयुक्त समयमा आएर जवाफ दिन्छु भन्नुभएछ ।

संसदीय परम्पराअनुसार नीति तथा कार्यक्रममा जवाफ दिन नआएका प्रधानमन्त्री शाहले प्रतिनिधिसभा नियमावलीमा भएको व्यवस्थासमेत मान्न इन्कार गरि दिएका छन् ।

## टास्कफोर्समा मागियो किसानको प्रतिनिधित्व

काठमाडौं/राष्ट्रिय कृषक समूह महासंघ, नेपालले कृषि, वन तथा पर्यावरण मन्त्रालयले हालै गठन गरेको वन्यजन्तुबाट हुने क्षति नियन्त्रण, नीति तथा कार्यक्रम सुधार तथा स्थानीय तहमा प्रभावकारी कार्यान्वयनसम्बन्धि टास्कफोर्समा किसानको प्रतिनिधित्व अनिवार्यरुपमा सुनिश्चित गर्न माग गरेको छ ।

महासंघले मन्त्रालयलाई पठाएको पत्रमा बाँदर र नीलगाईसहित वन्यजन्तुबाट किसानले लामो समयदेखि भोग्दै आएको क्षतिलाई केवल कृषि समस्यामात्र नभइ राष्ट्रिय खाद्य सुरक्षासँग जोडिएको गम्भीर संकटका रुपमा व्याख्या गरेको छ । अवस्थाका कारण ग्रामीण कृषिप्रणाली नै संकटतर्फ उन्मुख भएको र कतिपय स्थानमा खेतीयोग्य जमिन बाँझो बन्न थालेको महासंघको दाबी छ । महासंघका अनुसार यस समस्याविरुद्ध संस्थाले विगत ११ वर्षदेखि निरन्तर नीतिगत् पैरवी गर्दै आएको छ । सो क्रममा जिल्ला तहदेखि केन्द्रसम्म विभिन्न चरणमा सरकार सँग मागपत्र पेश गर्ने, प्रधानमन्त्री कार्यालयसम्म ध्यानाकर्षण गराउने र आवश्यक नीतिगत् परिवर्तनका लागि दबाब सिर्जना गर्ने काम गरिएको महासंघले स्मरण गराएको छ ।

संस्थाले सर्वोच्च अदालतसम्म पुगेको कानुनी पहललाई पनि आफ्नो आन्दोलनको महत्वपूर्ण मोडका रुपमा उल्लेख गर्दै अदालतको निर्देशनपछि वन्यजन्तुबाट हुने क्षतिसम्बन्धि राहत व्यवस्थामा सुधार भएको जनाएको छ । अदालतको आदेशपछि तयार गरिएको राहत निर्देशिकामा बाँदर र नीलगाईबाट हुने क्षतिलाई समेत समेटिएको भए पनि यसको कार्यान्वयन पक्ष अझ कमजोर रहेको महासंघको निष्कर्ष छ ।

# नेउवा महासंघमा 'अल्पकालीन 'अन्तरिम 'आदेश




काठमाडौं/उच्च अदालत पाटनले नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष चयन प्रक्रियाविरुद्ध अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । श्रीधराकुमारी पुडासैनीको इजलासले महासंघविरुद्ध कारण देखाउ र अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष चयनका लागि भोलि (जेठ ८ गते) को मिति तोकेर प्रक्रिया पनि सुरु भइसकेको छ । मिति तय भएपछि प्रक्रिया मिचिएको भन्दै हेमराज ढकाल, किशोर प्रधान, नरेन्द्र खड्का र प्रह्लाद दाहालले उच्च अदालत पाटनमा मुद्दादायर गरेका थिए । रिटमाथि सुनुवाइ गर्दै अदालतले कारण देखाउ र अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । निषेधाज्ञा माग गर्दै दायर गरिएको रिटमा अल्पकालीन अन्तरिम आदेश जारी गरेर आज (जेठ ७ गते) का लागि पेशी तोकिएको छ ।

रिटमा उद्योग वाणिज्य महासंघ अध्यक्ष अञ्जन श्रेष्ठ र केन्द्रीय कार्यकारिणी समितिलाई विपक्षी बनाइएको छ । अदालतले अब दुवै पक्षसँगको छलफलपछि अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने कि नदिने टुंगो लगाउने छ ।

महासंघको विधानको दफा २९.५ मा महासंघमा एकजना वरिष्ठ उपाध्यक्ष रहने र वरिष्ठ उपाध्यक्ष कुनै पनि सदस्य समूहमध्येबाट कम्तिमा तीन कार्यकाल सदस्य भइसकेको बहालवाला कार्यकारिणी समिति सदस्य वा एक कार्यकाल पदाधिकारी भइसकेकोमध्येबाट कार्यकारिणी समितिले वरिष्ठ उपाध्यक्ष चयन गर्नेछ भन्ने उल्लेख छ । दफा २९.८ महासंघमा रहने एक जना कोषाध्यक्ष सम्पूर्ण कार्यकारिणी समितिमध्येबाट चयन हुने छ र कम्तिमा दुई कार्यकाल सदस्य भइसकेको बहालवाला सदस्यमात्र उक्त पदमा उम्मेद्वार बन्नसक्ने छ' भन्ने उल्लेख छ । विधानको दफा २९.५ मा वरिष्ठको हकमा कार्यकारिणी समितिले वरिष्ठ उपाध्यक्ष चयन गर्नेछ भनिएको र दफा २९ मा कोषाध्यक्ष सम्पूर्ण कार्यकारिणी समितिमध्येबाट चयन हुनेछ भनिएको छ । कोषाध्यक्ष चयनमा सम्पूर्ण कार्यकारिणी समिति तर वरिष्ठ उपाध्यक्षको हकमा कार्यकारिणी समितिमात्र भनिएपछि विवाद भएको हो ।

यस विषयमा वरिष्ठ उपाध्यक्षको हकमा निर्वाचित सदस्यले मात्र मतदान गर्न पाउने र कोषाध्यक्षको हकमा मनोनित केन्द्रीय कार्यकारिणी समिति सदस्यले समेत मतदान गर्न पाउने ढकाल समूहको तर्क छ । अध्यक्ष श्रेष्ठले भने विधानको विषयलाई नियमावलीमा थप ब्याख्या गरेर मनोनित हुने सात सदस्यले समेत वरिष्ठ र कोषध्यक्ष दुवैलाई मत पाउनुपर्ने गरी तयारी गरिरहेका छन् । महासंघमा वरिष्ठ उपाध्यक्ष चयनपछि मात्र केन्द्रीय कार्यकारिणी समिति सदस्यको मनोनयन र कोषाध्यक्षको चयन गर्नुपर्ने हेमराज ढकाल पक्षको ब्याख्या छ । सार्वजनिक भएको कार्यसूची हेर्दा भने श्रेष्ठले सुरुमै सदस्यहरु मनोनयन गर्ने र वरिष्ठ उपाध्यक्ष तथा कोषाध्यक्षको एकैपटक निर्वाचन गर्न खोजिएको देखिन्छ । यस निर्वाचन प्रक्रिया ६० औं साधारणसभाकै निरन्तरता रहेको र प्रक्रिया मिच्न खोजिएको भन्दै ढकाल समूह अदालत पुगेको हो । यसले महासंघ भित्रको विवाद कायम राखेको छ ।

## इन्टरनेट सेवामा राजस्वछली

काठमाडौं/नेपालको दूरसञ्चार तथा इन्टरनेट सेवा क्षेत्रमा राजस्वछली भयावह रहेको पाइएको छ । यस क्षेत्रका ६६ कम्पनीले एक अर्ब २९ करोड राजस्व तिरेको देखिँदैन । महालेखा परीक्षक कार्यालयको प्रतिवेदनअनुसार रोयल्टी, दस्तुर, शुल्क र जरिवानालगायत शीर्षकमा उक्त रकम नतिरेको पाइएको हो ।

प्रतिवेदनअनुसार दूरसञ्चार राजस्व (रोयल्टी) बापत् ३५ करोड ३६ लाख ८४ हजार, रेडियो फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत् ७३ करोड ४४ लाख, इजाजतपत्र प्रसारण नवीकरण शुल्क र जरिवानाबापत् ४ करोड ३० लाख तथा ग्रामीण दूरसञ्चार दस्तुरबापत् १६ करोड २१ लाख तिर्न बाँकी रहेको पाइएको छ ।

प्रतिवेदनअनुसार दूरसञ्चार सेवा प्रदान गर्न अनुमतिप्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशत् रकम प्रत्येक वर्ष रोयल्टीका रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । तर, ४५ दूरसञ्चार सेवाप्रदायकले कुल आय ८ अर्ब ८४ करोड २१ लाखको ४ प्रतिशत्ले हुन आउने ३५ करोड ३६ लाख ८४ हजार रोयल्टी र जरिवाना दाखिला नगरेको हुँदा उक्त रकम असुल गर्नुपर्ने उल्लेख गरिएको छ । दूरसञ्चार प्राधिकरणका एक अधिकारी भन्छन्-पटकपटक पत्राचार र ताकेता गरिसकिएको छ । यति गर्दा पनि नउठेको रकम हो ।

उनका अनुसार प्राधिकरणले अन्तिम उपायका रुपमा लाइसेन्स खारेजसम्म गर्न सक्छ । त्यसका लागि प्राधिकरणले थप निर्णय गर्नेछ । जरिवानासहित तिर्न बाँकी राजस्व प्राधिकरणले फेरि पनि ताकेता गरेर उठाउने उनले बताएका छन् । रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर, यस वर्ष एक सेवाप्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत् ७३ करोड ४४ लाख दाखिला गर्न बाँकी रहेकाले थप दस्तुरसमेत यकिन गरी असुल गर्नुपर्ने औंल्याइएको छ ।

कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको २ प्रतिशत् रकम प्रसारण शुल्कबापत् बुझाउनुपर्ने व्यवस्था छ । म्याद सकिएपछि इजाजतपत्र नवीकरण गर्न आए १० देखि १ सय प्रतिशत्सम्म जरिवाना लिइ नवीकरण गर्न सकिने व्यवस्था छ । २ सय ४९ संस्थामध्ये १ सय ५३ संस्थाले इजाजतपत्र नवीकरण नगराएको र त्यसमध्ये ७ संस्थाको प्रसारण नियमितरुपमा जारी रहेकोले उनीहरुसँग नवीकरण शुल्क र जरिवानासमेत गरी ४ करोड ३० लाख असुल गर्न महालेखाले सुझाव दिएको छ ।

ग्रामीण दूरसञ्चार विकास कोष विनियमावलीअनुसार दूरसञ्चार सेवाप्रदायकले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक आयको दुई प्रतिशत् रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । दस्तुर जम्मा नगरे प्रत्येक महिना दुई प्रतिशत्का दरले जरिवाना असुल गर्नुपर्ने प्रावधान रहेको भन्दै २ सय ६१ सेवाप्रदायकमध्ये १३ सेवाप्रदायकले आर्थिक वर्ष २०८०/०८१ को दस्तुरयोग्य वार्षिक आय ८ अर्ब १० करोड ९५ लाखको २ प्रतिशत्ले हुन आउने १६ करोड २१ लाख शुल्क र जरिवाना असुल गर्न महालेखाले निर्देशन दिएको छ ।

ब्याण्डविथ प्याकेज, मर्मत शुल्क र इन्टरनेट शुल्क छुट्याइ महसुल दर तोकेको नदेखिएको भन्दै प्राधिकरणलाई ब्याण्डविथ प्याकेजमा मर्मत शुल्क र इन्टरनेट शुल्क स्पष्ट हुने कानुनी व्यवस्था गर्न पनि महालेखाले निर्देशन दिएको छ ।

*प्रदेश खोसिने भएपछि कांग्रेस मौन*

# फागुन २१ पछि खुम्चिएकाहरु अब 'गठबन्धन' तर्फ

काठमाडौं/फागुन २१ को निर्वाचन नतिजाले संसद्मा सानो आकारमा खुम्चिएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाबीच सहकार्यका लागि गठबन्धन बनाउने गृहकार्य सुरु भएको छ । बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारका कामकारबाही, संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाविपरीत हुन थालेको भन्दै सरकार र नेपाली जनतालाई सजग र सतर्क गराउन जरुरी रहेको उनीहरुको भनाइ छ ।

अवस्था जटिल बन्दै गएको भन्दै यस व्यवस्था ल्याउन योगदान गरेका दलहरुबीच सहकार्यको आवश्यकता महसुस गर्दै पुराना तीन दलले त्यसको गृहकार्यस्वरुप नेताहरुबीच लगातार संवाद र छलफल थालेका हुन् । तीन वटै दलका नेताहरु गठबन्धन निर्माणका लागि पहल भइरहेको स्वीकार गर्छन् । उनीहरुका अनुसार कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरुबीच औपचारिक/अनौपचारिक भेटघाट र संवादका क्रममा सरकारका ज्यादतिविरुद्ध एक भएर जाने सैद्धान्तिक सहमति जुटे पनि व्यवहारिकरुपमा कसरी जाने भनेर ठोस निष्कर्षमा पुग्न बाँकी छ ।

एमाले अध्यक्ष केपी शर्माओलीले जेठ ४ गते बसेको एमाले सचिवालय बैठकमा कांग्रेस र नेकपाका शीर्ष नेताबीच यसबारे कुराकानी भइरहेको ब्रिफिङ गरेका थिए । 'अध्यक्षज्युले यसबारेमा अस्तिको बैठकमा ब्रिफिङ गर्नुभएको छ,' एमाले सचिव भानुभक्त ढकालले भने-पुन: छलफल गरेर निष्कर्षमा पुग्ने शीर्ष तहमा कुराकानी भएको बुझिएको छ । नेता ढकालका अनुसार सदन र सडकमा लोकतन्त्र र सरकारले गरेको ज्यादतिपूर्ण क्रियाकलापविरुद्ध एकताबद्ध भएर अघि बढ्नुपर्छ भन्ने सैद्धान्तिक सहमतिको बोर्डरलाइन बनेको छ ।

'सडक र सदनमा वाम-डेमोक्रेट मिलेर जानु उपयुक्त हुन्छ भन्ने बुझाइ सबैको छ,' उनले भने । ढकालका अनुसार त्रिपक्षीय छलफल भएपछिमात्र व्यवहारिक कार्यक्रम बन्नेछ । यसका लागि कांग्रेस र नेकपाको विश्वास जित्न प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्न सकिने र सुदूरपश्चिममा नेकपालाई समेत सरकारमा सहभागी गराउने प्रस्ताव अघि बढाएको स्रोतको दाबी छ । हाल प्रदेशहरुमा कांग्रेस-एमाले गठबन्धन सरकार छन् । उनीहरुले केही प्रदेशमा आलोपालो नेतृत्व गर्ने सहमति गरेका थिए । उक्त सहमतिअनुसार असारसम्म प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्नुपर्नेछ ।

हाल कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वमा सरकार छ भने बागमती, मधेस, सुदूरपश्चिम र गण्डकीमा कांग्रेसले सरकारको नेतृत्व गरिरहेको छ ।

यस्तो अवस्थामा नेकपालाई सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व दिन सकिने एमालेको प्रस्ताव छ भने मधेसमा कांग्रेसकै नेतृत्वको सरकारमा एमाले सहभागी हुने ढंगले छलफल भइरहेको बताइएको छ । 'सुदूरपश्चिममा नेकपा सबभन्दा ठूलो दल भएको नाताले उसलाई सरकारको नेतृत्व दिन सकिन्छ भन्ने एमाले अध्यक्षको कुरा छ ।

यसमा कांग्रेसले केही भनिसकेको छैन,' एमालेका एक पदाधिकारी भन्छन्-तीन दल मिलेर जाँदा तीन-तीन/एक गर्दा उपयुक्त नै हुन्छ । तर, यस प्रस्तावमा कांग्रेस आफ्नो भागका हाल रहेका चार प्रदेशमध्ये एक खोसिने भएकाले निर्णयमा पुग्न नसकेको बताइएको छ । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ लोकतन्त्रको पक्षमा रहेका शक्तिहरुसँग सहकार्य गर्न कांग्रेस खुला रहेको बताउँछन् । त्यसबारे दलहरुबीच संवाद र छलफल हुनुलाई स्वभाविकरुपमा लिनुपर्ने उनको भनाइ छ ।

'संविधान र गणतन्त्रको रक्षार्थ सहकार्य गर्न कुनै कठिनाइ छैन । त्यसका लागि हामी संविधान र व्यवस्थाका पक्षधर सबैसँग सहकार्य गर्दै अगाडि बढ्न तयार र खुला छौं,' महामन्त्री पौडेलले भने-प्रदेशका सवालमा पनि हामी अन्तर्विरोध र अस्थिर सरकारको पक्षमा छैनौं । त्यसबारेमा उनले पहिला एमाले कांग्रेसबीच समझदारी कायम गरेर जाने विषय रहेको भन्दै त्यसबाहेक अवस्थाअनुसार संसद्मा उपस्थित भएका दलहरुसँग पनि संवाद र सहकार्य गर्न सकिने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले त चैत १९ मा सुरु भएर बैशाख दोस्रो साता सम्पन्न संयोजन समिति बैठकबाट लोकतन्त्रको रक्षा र संविधानको रक्षार्थ लोकतान्त्रिक शक्तिसँग सहकार्यमार्फत् गरेर अघि बढ्ने निर्णय नै गरिसकेको छ । 'नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर तथा देशभक्त शक्तिहरुबीच राष्ट्रिय स्वाधीनता, लोकतन्त्रको रक्षा र सुदृढीकरणको उद्धेश्यसहित साझा समझदारी कायम गर्दै सडक र सदन दुवै मोर्चाबाट सशक्त भूमिका निर्वाह गरिनेछ,' नेकपाले आफ्नो निर्णयमै भनेको छ । नेकपा प्रवक्ता प्रकाश ज्वालाले नीतिगत्रुपमा सहकार्य गर्ने पार्टीको निर्णय भइसकेको भन्दै सहकार्यको पनि पहल भइरहेको बताए ।

'सरकारका कतिपय गतिविधि हेर्दा आन्दोलनका उपलब्धिलाई मास्ने, संविधान मिच्ने र न्यायालयमा राजनीतिक हस्तक्षेप भइरहेकाले संविधान र लोकतन्त्रका पक्षमा मात्र नभएर जनताका पक्षमा पनि छैनन्,' नेता ज्वालाले भने-जनता महंगीको मारमा छन्, सुकुम्बासीको बिचल्ली छ । सुशासनको नारा दिने सरकारले आफैं अराजकता मच्चाइरहेको छ । सरकारको गलत क्रियाकलापको विरोध गर्छौं भनेर पार्टीले प्रष्टरुपमा बोल्दै आएको छ ।

नेकपा एमालेका मधेस प्रदेश इन्चार्ज लीला श्रेष्ठ गणतन्त्र ल्याउन भूमिका खेलेका राजनीतिक शक्तिहरु सडक र सदनमा एकाकार भएर जानुपर्ने अवस्था आएकाले सोहीअनुसार वार्ता र संवाद भइरहेको बताउाछन् ।

'गणतन्त्र जोगाउने कुरा प्रमुखरुपमा आइसकेको छ । राजा ल्याउने भित्री योजनाहरु भइरहेको भन्ने सुन्न थालिएको छ,' श्रेष्ठले भने-संविधान र गणतन्त्र जोगाउन भूमिका खेल्दै बदलिएको परिवेशमा प्रदेशहरुमा सुशासन कायम गर्ने, आफूहरु पनि बदलिनुपर्छ र त्यसका लागि आवश्यक सहकार्य गर्ने हो ।

त्यसका लागि अध्यक्ष ओलीले कांग्रेस र नेकपा नेताहरुसँग छुट्टाछुट्टै छलफल गरिरहेको उनको भनाइ छ ।


'कांग्रेस सभापति गगन थापा, नेता विश्वप्रकाश शर्मा र प्रचण्डसँग कुरा भइरहेको छ,' श्रेष्ठले भने-अब त्रिपक्षीय कुरा गरेर सहकार्यको ठोस मोडल तय गर्ने कुरा छ ।








## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।

**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं.:२६/०५८/०५९, म.जि.हु.द.नं.:०७/०६३/०६४
२५ औं वर्ष
समाचार



# सार्वजनिक खरिदलाई बेवास्ता गर्दा असर पूर्वाधारमा

सन्देश संवाददाता

काठमाडौं/सरकारी निकायहरुले सार्वजनिक खरिदका व्यवस्थालाई बेवास्ता गरी लापरबाही गर्दा त्यसको असर पूर्वाधार आयोजनाहरुमा परेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माणस्थल तयार नभइ, निर्माणस्थलबाट हटाउनुपर्ने रुखबिरुवा हटाउने सुनिश्चितता नभइ, बजेट सुनिश्चितता नगरी वा अन्य खरिदपूर्वका तयारी नगरी बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। तर, सार्वजनिक निकायहरुले यस व्यवस्था अवलम्बन नगर्दा समय र स्रोत खेर गइरहेको छ। नागरिकले समयमा पाउनुपर्ने सेवासुबिधाबाट बञ्चित हुनुपरेको छ।




महालेखा परीक्षकको प्रतिवेदन २०८३ अनुसार सिक्टा सिचाई आयोजनाका दुई, महाकाली सिचाई आयोजना तेस्रो चरणका तीन र सुनकोशी मरिन डाइभर्सन बहुउद्धेश्यीय आयोजनाका एउटासमेत ६ ठेक्कामा निर्माणस्थलको उपलब्धता गराउन ढिलाइ हुनुका साथै बजेट व्यवस्थापन नभएको पाइएको छ। यसका कारण ती कामको ठेक्का पाएका निर्माण व्यवसायीहरुले एकमुष्ठ १ अर्ब १२ करोड ४१ लाखको विलम्ब लागतबापत् क्षतिपूर्ति रकमसहित मध्यस्थता गर्ने समिति र अदालतमा दाबी पेस गरेका छन्। खरिद व्यवस्थालाई अवलम्बन गरिए यस्तो समस्या नआउने र भविष्यमा यस्तो विवाद आउन नदिने गरी काम गर्न प्रतिवेदनले सुझाएको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा निर्माणस्थलको व्यवस्था नभइ बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। नियम ६ (५) मा सार्वजनिक निकायले बहुवर्षीय सम्झौताबमोजिम गरिने खरिदको हकमा स्रोत सुनिश्चितता गरेरमात्र खरिदको कारबाही सुरु गर्नुपर्ने हुन्छ। तर, सडक डिभिजन जनकपुरले अर्थ मन्त्रालयको २३ माघ २०८१ को पत्रअनुसार आगामी वर्ष दायित्व नसर्ने गरी २ निर्माण कार्यको स्वीकृति दिएको थियो। डिभिजनले खरिद सम्झौता अवधि आव २०८२/०८३ सम्म कायम हुने गरी ६ करोड ५३ लाख ३५ हजारको खरिद सम्झौता गर्‍यो। अर्थ मन्त्रालयको स्वीकृतिभन्दा फरक हुने गरी खरिद सम्झौता गरेकाले उक्त योजना अधुरो बन्न पुगेको छ।

सडक डिभिजन कञ्चनपुर अर्न्तगत् चिसापानीदेखि मंगलसेनसम्म जोड्ने निर्वाचन क्षेत्र रणनीतिक सडकको चिसापानी–कुइने १६ किलोमिटर सडकखण्ड निर्माणका लागि २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी ३ साउन २०७९ मा खरिद सम्झौता भएकोमा आव २०८१/०८२ सम्म भौतिक प्रगति १० प्रतिशत्मात्र भयो। ठेक्का लगाउनुपूर्व रुखकटान तथा भोगाधिकारको स्वीकृति प्राप्त गरी निर्माणस्थल तयार गर्नुपर्नेमा ठेक्का सम्झौता गरी प्रक्रिया सुरु गर्दा २ बैशाख २०८२ अर्थात् ठेक्का लागेको २ वर्ष ९ महिनापछि मात्र वन तथा भुसंरक्षण विभागबाट रुखकटान अनुमति प्राप्त भएको भेटिएको छ।

दुर्गम जिल्लामा मात्र होइन, काठमाडौं उपत्यकाभित्र निर्माणाधीन सूर्यविनायकदेखि धुलिखेलसम्मको सडक विस्तार कार्य गर्दा विद्युत्का पोल सार्ने, जग्गाप्राप्ति, घरटहराको क्षतिपूर्तिलगायत कार्य नगरी ३६ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको छ। २७ मंसिर २०७९ र २४ पुस २०७९ मा ७ अर्ब ९४ करोड ५८ लाखका दुई खरिद सम्झौता भएका हुन्। खरिद सम्झौता गर्दा निर्माण व्यवसायीबाट पेस भएको कार्यतालिका अनुसार २०८० बैशाखदेखि कालोपत्र सुरु गर्ने उल्लेख भएकोमा सम्झौता अवधिको शत्प्रतिशत् समय व्यतित हुँदासम्म कालोपत्र सुरु भएको थिएन। कार्यालयले २४ जेठ २०८० मा विद्युत् पोल स्थानान्तरण कार्य गर्न गराउन विद्युत् प्राधिकरणाको बागमती प्रदेश कार्यालयलाई ८ करोड ११ लाख पेश्की दिएकोमा २०८१/०८२ भित्र पूरा हुन सकेन। बोलपत्र गर्नुअघि सम्पादन गर्नुपर्ने पूर्वतयारीका कार्य नगरी ठेक्का व्यवस्थापन तथा खरिद सम्झौता गरेकाले निर्माण कार्यमा न्यून प्रगति भएको पाइएको छ।

सिचाई र सडकको मात्र होइन, शहरी विकाससँग जोडिएको पूर्वाधार आयोजनामा पनि खरिद कानुनले तोकेका पूर्वतयारीबेगर ठेक्का लगाउँदा समस्या देखिएका छन्। शहरी विकासअन्तर्गत् स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय धनगढीले बाजुराको गौमुल–६ स्थित घटमुना नदीमा पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग ३ करोड ५५ लाखमा ३ बैशाख २०८१ सम्म कार्य सम्पन्न गर्ने गरी ४ बैशाख २०७९ मा सम्झौता गर्‍यो। उक्त कार्यको विस्तृत आयोजना प्रतिवेदन २०७७/०७८ मा सुदूरपश्चिम प्रदेश सरकारले तयार गरेको थियो।

आर्थिक वर्ष २०७७/०७८ को बाढीले खोलाको सतह परिवर्तन गरेकोले साविकको ड्इङ डिजाइन संशोधन गरेरमात्र ठेक्का व्यवस्था गर्नुपर्ने थियो। तर, संशोधन नै नगरी पुरानै स्वीकृत ड्इङ/डिजाइनको आधारमा ठेक्का व्यवस्थापन गर्दा निर्माण कार्य सुचारु हुन सकेन। उक्त पुलको डिजाइन परिवर्तन हुन नसकेको, कार्यसम्पन्न गर्नुपर्ने म्याद समाप्त भएको तथा उपलब्ध गराएको मोबिलाइजेसन पेश्की ३५ लाखसमेत फस्र्यौट हुन नसकेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ। निर्माणस्थलको वस्तुस्थिति अध्ययन नगरी बोलपत्र आह्वान गर्दा स्वीकृत डिजाइनमा पुल निर्माण हुननसक्ने अवस्था देखिएको छ।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय धनगढीले दार्चुलामा चौकीबगर मोटरेबल पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग १० करोड ८८ लाख ३८ हजारमा २४ माघ २०८१ भित्र सम्पन्न गर्ने गरी ८ मंसिर २०७९ मा सम्झौता गर्‍यो।

पुल निर्माणस्थलमा चमेलिया क्षेतिगाड ८५ मेगावाट्को जलविद्युत् आयोजनाको ट्रेलरेस परेकाले निर्माणस्थल सार्नुपर्ने भइ स्वीकृत डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था रहेको कार्यालयले जानकारी दियो। तर, उक्त पुल निर्माण कार्य गर्न २९ असार २०७९ मा उपलब्ध गराएको पेश्की ४७ लाख ७० हजार फस्र्यौट नभइ बाँकी रहेको छ। कार्यसम्पन्न गर्नुपर्ने अवधि २७ असार २०८३ सम्म थप भएकोमा उक्त पुलको निर्माणस्थल एवम् डिजाइन यकिन नभएका कारण योजना कार्यान्वयन भएको छैन।

# खोकनामा तरकारी तालिम केन्द्र

सन्देश संवाददाता

काठमाडौं/नेपालको कृषिक्षेत्रलाई आधुनिक प्रविधिसँग जोडेर ग्रामीण अर्थतन्त्र रुपान्तरण गर्ने उद्धेश्यले ललितपुरको खोकनामा चीन छोङछिङ–नेपाल तरकारी तालिम केन्द्र स्थापना गरिने भएको छ। बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री मधुसूदन पौडेल, नेपालस्थित चिनियाँ राजदुतावासका प्रतिनिधि यु पेङचेङ र चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट नेपालकी निर्देशक सु झियाङले उक्त केन्द्रको शिलान्यास गरे। कुल ३२ लाखमा निर्माण हुने तालिम केन्द्रमा स्थानीय, प्रदेश सरकार र चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्टको सहकार्य हुने जनाइएको छ।



सोही अवसरमा स्थानीय कृषक समूहलाई प्रविधि र अन्य प्राविधिक विषय ज्ञान प्रदान गर्न उच्चस्तरको तालिम सुरु गरिएको छ। चीन सरकारको चीन–दक्षिण एसियाली मुलुक गरिबी निवारण तथा सहकारी विकास केन्द्र नेपाल भाइब्रेन्ट भिलेज पहलअन्तर्गत् सञ्चालित परियोजनाले ललितपुर महानगरपालिकाको खोकना र दक्षिणकाली नगरपालिकामा कृषि आधुनिकीकरणमा नमुना क्षेत्रका रुपमा सहकार्य गर्ने लक्ष्य राखेको छ।

मन्त्री पौडेलले तालिम केन्द्र सञ्चालनमा आएपछि किसानलाई प्राविधिक ज्ञान दिलाउन र रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका गर्ने विश्वास व्यक्त गरे। चीनले कृषिप्रविधिमा मारेको फड्कोबाट नेपालले पनि लाभ लिन चाहेको उनले बताए। चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट नेपालकी निर्देशक झियाङले यसप्रकारको सहकार्यले नेपाल–चीनबीच जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउने र दीगो कृषिप्रणालीको जग बसाल्ने बताइन्। निर्देशक झियाङले समग्र परियोजना आधुनिक कृषिप्रणालीको विकास गर्न लक्षित भएको बताइन्।

चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्टले चितवनमा हाइब्रीड धान, झापामा मत्स्यपालन र पशुपालनजस्ता परियोजना सञ्चालन गरिसकेको छ। चिनियाँ सहकार्यमा भएको कार्यक्रमअन्तर्गत् खोकना र दक्षिणकालीमा रैथाने बाली प्रवर्द्धन, बेमौसमी तरकारी उत्पादन र जीवन्त गाउँ निर्माणमा योगदान पुगेको ललितपुर महानगरपालिका–२१ का अध्यक्ष रवीन्द्र महर्जनले बताए। उक्त समारोहमा चिनियाँ पक्षबाट खेतबारि जोत्ने अत्याधुनिक मेसिन ललितपुर महानगरपालिका–२१ को कृषक समूहलाई हस्तान्तरण गरियो। रिमोट कन्ट्रोलबाट चल्ने मेसिनले १ घण्टामा १ हजार वर्गमिटर जोत्न सक्ने र इन्धनको पनि कम खपत हुने चिनियाँ प्राविधिकहरुले जानकारी दिएका छन्।

यस प्रकारका तालिम र प्राविधिक सहकार्यमा चिनियाँ विशेषज्ञ र अनुसन्धानकर्ताहरुको प्रत्यक्ष रेखदेख र संलग्नता रहने आयोजकले जनाएको छ। यस आयोजनाले ६० भन्दा बढी किसान परिवारलाई प्रत्यक्ष लाभान्वित तुल्याएको छ। उक्त अवसरमा स्थानीय महिला समूहले हातले बुनेका जुत्ता, स्थानीय मिठाइ र परियोजनाअन्तर्गत् उत्पादन गरिएका ताजा तरकारी प्रदर्शन गरेका थिए।

## नेपालमा १ लाख ३१ हजार मेट्रिकटन माछा

सन्देश संवाददाता

हेटौंडा/नेपालमा आर्थिक वर्ष २०८१/०८२ मा १ लाख ३१ हजार ७ सय ३६ मेट्रिकटन माछा उत्पादन भएको तथ्य सार्वजनिक गरिएको छ। जसमध्ये १ लाख १० हजार १ सय १२ मेट्रिकटन माछा पोखरीमा उत्पादन भएको छ भने २१ हजार मेट्रिकटन प्राकृतिक जलाशयबाट उत्पादन भएको जनाइएको छ। सो अवधिमा ४ हजार ३ सय ३८ मेट्रिकटन माछा आयात गरिएको तथ्यांक प्रस्तुत गरिएको छ।

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाको आयोजनामा जलीय जीव मारेर जीविकोपार्जन गर्ने समुदाय तथा विभिन्न सरोकारवालासँग आयोजित प्राकृतिक जलाशय संरक्षण तथा सम्बर्द्धनसम्बन्धि स्थानीयस्तर अन्तर्क्रियामा उक्त जानकारी दिइएको हो। कार्यक्रममा संरक्षण केन्द्र प्रमुख सरोजकुमार यादबले नेपालमा हाल २ सय ५२ जातका माछा पाइने जानकारी दिए। उनका अनुसार तीमध्ये २ सय ३६ जातका माछा नेपालका रैथाने प्रजाति हुन्।

उनले नेपालको प्राकृतिक जलाशयमा मात्र १६ प्रकारका रैथाने प्रजातिका माछा पाइने उल्लेख गर्दै ती प्रजातिको संरक्षण आवश्यक रहेको बताए।

## बागमतीमा दश महिनामा ३१ अर्ब ३३ करोड राजस्व




सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को दश महिनामा ३१ अर्ब ३३ करोड ५५ लाख ४८ हजार राजस्व संकलन गरेको छ। घर जग्गा रजिष्ट्रेसन र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य स्रोत मानिन्छ। घरजग्गा रजिष्ट्रेसन र सवारीसाधन कर शीर्षकसहित बाँडफाँटबाट आर्थिक वर्ष २०८२/०८३ को साउनदेखि बैशाख महिनासम्म २० अर्ब एक करोड तीन लाख ८९ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज सञ्ज्यालले जानकारी दिए।

उनका अनुसार संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत् दश महिना अवधिमा सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको छ। चालु आव २०८२/०८३ उक्त अवधिमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट तीन अर्ब २४ करोड ५२ लाख ४१ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ। आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिदबिक्री कारोबारमा आएको कमी, भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारण अपेक्षाकृत राजस्व संकलन हुन नसकेको अधिकृत सञ्ज्यालको भनाइ छ।

## चित्रमा कोरिँदै २० वर्षपछिको हेटौंडा



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा–४ वडा कार्यालयको आयोजनामा तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा हुने शैक्षिक महोत्सवको तयारी तीव्र बनाइएको छ। पूर्वनिर्धारित जेठ १४ हुने भनिएको कार्यक्रम उक्त दिन सार्वजनिक बिदा परेकाले जेठ १३ गते बुधबार हुने शैक्षिक गुणस्तर सुधार समिति संयोजक श्रीराम दाहालले जानकारी दिए।

चौथो पटक हुन लागेको महोत्सव यसपालि नगरस्तरीय हुने र नगरभित्रका विद्यालयमा पत्राचार गरिसकेको र विद्यालयहरुले महोत्सवमा सहभागी हुन विधागत् तयारी गरिरहेको उनले बताए। महोत्सवमा विशेष कार्यक्रमका रुपमा राष्ट्रिय भाषा र सँस्कृति झल्कने नृत्य प्रतियोगिता, विज्ञान विषयक प्रदर्शनी र चित्रकला प्रतियोगिता हुने वडा अध्यक्ष नवीन सिग्देलले बताए।

चित्रकला प्रतियोगिताको विषय '२० वर्षपछिको हेटौंडा' रहेको बताउँदै विद्यालयका विद्यार्थीले २० वर्षपछिको हेटौंडा सहर कस्तो बनाउने परिकल्पनामा चित्रकलामा कोर्नेछन्। विद्यालय र विद्यार्थीबीचको स्वस्थ्य प्रतिस्पर्धाबाट उनीहरुको लुकेर बसेको प्रतिभा प्रष्फुटन गर्ने र शैक्षिक ज्ञानमा सुधार ल्याइ विद्यार्थीलाई सिर्जनात्मक बनाउने महोत्सवको उद्धेश्य रहेको वडा अध्यक्ष सिग्देलले बताए।

वडा अध्यक्ष सिग्देलले महोत्सवमा नगरभित्रका विद्यालय सहभागी हुने र विद्यार्थीलाई महोत्सवमा अवलोकन गराउन विद्यालय प्रशासन र व्यवस्थापन समितिलाई आग्रह गरे। वडा कार्यालयले विगत वर्षमा ३ पटकसम्म आयोजना गरेको महोत्सवमा हजारौं विद्यार्थी, शिक्षक र अभिभावकले अवलोकन गरेको बताउँदै अध्यक्ष सिग्देलले विद्यार्थी, अभिभावक र शिक्षक गरी करिब १० हजार जनालाई महोत्सव अवलोकन गराइने व्यवस्था मिलाइएको अध्यक्ष सिग्देलले बताए।

नृत्य प्रतियोगितामा प्रथमले २० हजार, द्वितीयले १५ हजार, तृतीयले १० हजार र सान्त्वनाले ५ हजार, विज्ञान विषयक प्रदर्शनीमा प्रथमले ३० हजार, द्वितीयले २० हजार, तृतीयले १० हजार र सान्त्वनाले ५ हजार, चित्रकला प्रतियोगितामा प्रथमले २० हजार, द्वितीयले १५ हजार, तृतीयले १० हजार र सान्त्वनाले ५ हजार नगद पुरस्कार पाउने वडा कार्यालय सचिव रामप्रसाद गुरागाईंले जानकारी दिए।

## गाउँलाई सफा बनाउने अभियान उदाहरणीय बन्दै



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको मकवानपुरगढी गाउँपालिकाका युवाले गाउँलाई सफा र व्यवस्थित बनाउने उद्धेश्यसहित सरसफाइ अभियान सञ्चालन गरेका छन्। एक सातादेखि स्थानीय युवा नियमितरुपमा अभियानमा जुटिरहेका हुन्।

गाउँपालिका वडा नम्बर–३ आसपास, मनकामना डेरी चोक, फुट्सल क्षेत्र तथा सडककिनारमा जथाभावी फालिएका फोहोर संकलन गर्दै युवाले सरसफाइ अभियानलाई निरन्तरता दिएका छन्। अभियानका क्रममा मदिरा र पानीका बोतल, चाउचाउ तथा चिप्सका खोल, गुट्खा र सुर्तीजन्य पदार्थका प्याकेटलगायत प्लास्टिकजन्य फोहोर बढी भेटिएको सहभागीहरुले बताएका छन्। करिब २० जना युवाको सक्रिय सहभागितामा सञ्चालन भइरहेको अभियानबाट हालसम्म एक ट्याक्टर फोहोर संकलन गरिएको छ। संकलित फोहोरलाई व्यवस्थापनका लागि ट्याक्टरमार्फत् हेटौंडा उपमहानगरपालिकाको डम्पिङसाइटमा ल्याइएको जनाइएको छ।

अभियानमा सहभागी युवा प्रेमप्रसाद तिमल्सिनाले गाउँलाई सफा राख्ने जिम्मेवारी सबै नागरिकको भएको भन्दै त्यसको सन्देश दिन अभियान सुरु गरिएको बताए। 'आफ्नो ठाउँ सफा र राम्रो बनाउने जिम्मेवारी सबैको हो भन्ने सोचसाथ अभियान थालेका हौं,' उनले भने। युवाहरुले सडककिनार, सार्वजनिक स्थल र चोकहरुमा थुप्रिएको फोहोर व्यवस्थापन गर्दै समुदायमा सरसफाइप्रति चेतना फैलाउने प्रयाससमेत गरिरहेका छन्। स्थानीयस्तरमा युवाहरुले देखाएको सक्रियता र सामाजिक उत्तरदायित्वले समुदायमा सकारात्मक सन्देशप्रवाह गरेको स्थानीयको भनाइ छ। स्थानीयले युवाहरुको प्रयासको प्रशंसा गर्दै यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने बताएका छन्। सामूहिक प्रयासबाट गाउँलाई सफा, सुन्दर र स्वस्थ्य बनाउनेउद्धेश्यसहित सञ्चालन गरिएको अभियान उदाहरणीय बन्दै गएको छ।

## निजी लगानीलाई क्राउड इन गरिनुपर्ने



सन्देश संवाददाता

काठमाडौं/अर्थसचिव घनश्याम उपाध्यायले आगामी आर्थिक वर्षका लागि निजी लगानी आकर्षित गर्ने खालको बजेट ल्याउने बताएका छन्। प्रतिनिधिसभाअन्तर्गत् अर्थसमिति बैठकमा उनले सरकारले मात्र खर्च गरेर उत्पादनशीलता वृद्धि सम्भव नहुने भन्दै निजीक्षेत्रको लगानी आकर्षित गर्ने उत्प्रेरक भूमिकामा केन्द्रित भएर बजेट ल्याइने बताए। उनका अनुसार सरकारको प्रत्येक एकाई खर्चले निजी लगानीलाई क्राउड इन गर्दै उत्पादन र रोजगारी सिर्जनामा योगदान पुर्‍याउनुपर्छ।

विगतमा सिमेन्ट उद्योगसम्म पहुँच मार्ग र विद्युत् प्रसारणलाइन पुर्‍याउने सरकारी नीतिकै कारण नेपाल सिमेन्ट र विद्युत्मा आत्मनिर्भर बन्न सफल भएको उदाहरण दिँदै उनले यस्ता सहजीकरणकारी नीति अन्य क्षेत्रमा पनि विस्तार गर्ने गरी सरकारले बजेटमा काम गरिरहेको बताए। अर्थसचिव उपाध्यायले अब आउट अफ गभर्मेन्ट ब्यालेन्स सिट स्रोतबाट पनि विकास आयोजना अघि बढाउनुपर्ने आवश्यकता रहेको बताउँदै त्यसका लागि सरकारले वैकल्पिक वित्तीय व्यवस्थापनसम्बन्धि विधेयक संसद्मा दर्ता गरिसकेको बताए।

उक्त विधेयक छिट्टै पारित भए आगामी आर्थिक वर्षको बजेटमै निजीक्षेत्रको लगानीबाट निर्माण हुने सार्वजनिक पूर्वाधार आयोजनाहरु समेटेर छुट्टै अनुसूची राख्न सकिने उनको भनाइ छ। उनले सरकार आफैं व्यवसाय सञ्चालन गर्नुभन्दा निजी व्यवसाय प्रवर्द्धन र नियमनमा केन्द्रित रहने पनि बताए। चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ३.५ देखि ४ प्रतिशतबीच रहने प्रक्षेपण गर्दै उनले आगामी वर्ष नेपालको नोमिनल जीडीपी ७३ देखि ७४ खर्ब पुग्नसक्ने बताए।

अर्थसचिव उपाध्यायले ऋणको विषयमा बजारमा अनावश्यक भ्रम फैलिएको बताउँदै नेपालको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को करिब ४३ प्रतिशत्मात्र रहेको स्पष्ट पारे। उनका अनुसार कुल ऋणको आधाभन्दा बढी हिस्सा आन्तरिक ऋण भए पनि त्यसको ८० प्रतिशत्भन्दा बढी पुरानै ऋणको सावाँब्याज भुक्तानीमा खर्च हुने भएकाले यसलाई नयाँ वास्तविक ऋणका रुपमा हेर्न हुँदैन। वैदेशिक ऋण भने सहुलियतपूर्ण र परियोजनामुखी रहेको उल्लेख गर्दै उनले यस्तो ऋणले वित्तीय स्रोतसँगै प्रविधि हस्तान्तरणमा समेत योगदान पुर्‍याउने बताए। नागढुंगा सुरुङमार्गको उदाहरण दिँदै उनले टीबीएम प्रविधि सञ्चालनमा नेपाली प्राविधिकले सिपआर्जन गरिरहेको र आगामी दिनमा नेपालले आफ्नै जनशक्ति तथा लगानीमा यस्ता परियोजना विस्तार गर्न सक्ने बताए। उनले भुकम्पअघि नेपालको सार्वजनिक ऋण जीडीपीको करिब २२–२५ प्रतिशत् रहेकामा पुनर्निर्माण अवधिमा बढेर हाल ४३–४५ प्रतिशत् पुगेको बताए।

अल्पविकसित मुलुकहरुको औसत ऋण जीडीपीको ६४ प्रतिशत् रहेको र जापान तथा अमेरिकाजस्ता विकसित राष्ट्रको ऋण १ सय प्रतिशत्भन्दा माथि रहेको उदाहरण दिँदै नेपाल सुरक्षित अवस्थामा रहेको उनको भनाइ थियो। तर, ऋण उत्पादनमूलक क्षेत्रमा योजनाबद्धरुपमा प्रयोग हुनुपर्नेमा उनले जोड दिए। अर्थसमितिको बैठकमा उनले चालु खर्च नियन्त्रणका लागि सरकारले मन्त्रालय संख्या घटाउने, अनावश्यक संरचना खारेज गर्ने र दरबन्दी कटौती गर्ने काम गरिरहेको बताए। सस्तो लोकप्रियताका लागि योजना थप्ने प्रवृत्ति अन्त्य गर्न सरकार लागिपरेको समेत उनको भनाइ थियो।

# हेटौंडामा राष्ट्रिय बक्सिङ



सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा राष्ट्रिय बक्सिङ प्रतियोगिता हुने भएको छ। जिल्ला बक्सिङ संघ मकवानपुरको आयोजनामा जेठ १३ गतेदेखि १६ गतेसम्म हेटौंडा–४ स्थित पारिजातपथमा रहेको कभर्ड हलमा युथ–१९ र युथ–२२ उमेर समूहको अलनेपाल ओपन बक्सिङ प्रतियोगिता हुने भएको हो।

प्रदेश खेलकुद विकास परिषद्को करिब २४ लाख ५० हजार सहयोगमा सञ्चालन हुने प्रतियोगितामा २८ वटा क्लबका करिब दुई सय खेलाडी सहभागी हुने अनुमान गरिएको छ। संघ मकवानपुर अध्यक्ष सुशील घिमिरेका अनुसार प्रतियोगितामा युथ–१९ तर्फ ७ वटा र युथ–२२ तर्फ ७ वटा गरी १४ वटा तौल समूहमा खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। महिलातर्फ दुई उमेर समूहमा एक/एक तौल समूह निर्धारण गरिएको छ।

प्रतियोगिता तयारी तीव्ररुपमा अगाडि बढिरहेको बिहीबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। प्रतियोगिताको प्रत्येक तौल समूहका पहिलो र दोस्रो हुनेले क्रमशः १० र ५ हजार तथा सेमिफाइनलमा पुग्नेले ३/३ हजार रुपियाँ प्राप्त गर्नेछन्। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी, प्रशिक्षक र क्लबलाई नगद १०/१० हजार रुपियाँ प्रदान गरिनेछ। 'प्रत्येक खेलाडीको इन्स्योरेन्स गरेका छौं,' संघ मकवानपुर प्रशिक्षक लालबहादुर पौडेलका अनुसार प्रत्येक दिन *बक्सर अफ* डेबाट एक खेलाडीलाई सम्मान गरिनेछ।

'खेलाडी उत्पादन गर्न प्रतियोगिता आयोजना गरिएको हो। जुनियर खेलाडीको देशभरको अवस्था कस्तो छ भनेर यस प्रतियोगिताबाट थाहा हुनेछ,' पौडेलका अनुसार प्रतियोगितामा विभागीय टोली सहभागी हुने छैनन्। प्रतियोगितामा करिब ३० लाख खर्च अनुमान गरिएको छ। संघ उपाध्यक्ष उज्ज्वल भण्डारीका अनुसार प्रतियोगितामा मकवानपुरबाट दुई टोलीको सहभागिता रहनेछ। प्रतियोगिताका लागि अपुग रकम स्थानीय विभिन्न दाताको सहयोगमा जुटाइने भण्डारीले जानकारी दिए।

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा–२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने